महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू/अध्यक्षज्यू,
नगर/गाउँ कार्यपालिकाको कार्यालय,

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको सन्देश

टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता व्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

पत्र संख्याः २०७५।७६
च.नं.

मितिः २०७५।१२।१३

श्री प्रमुखज्यू,
महोत्तरी गाउँपालिका,
महोत्तरी ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट महोत्तरी गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

लेखापरीक्षकको जिम्मेवारी - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.४ करोड ६५ लाख ३२ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१३ लाख ८५ हजार, नियमित गर्नुपर्ने रु.२२ लाख ३६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ करोड ५३ लाख र पेश्की रु.२ करोड ७६ लाख ११ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।११।५ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिकृया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजु फछ्र्यौट नभई कायम व्यहोराको अन्तिम लेखापरीक्षण प्रतिवेदन पाना २० (बिस) यसैसाथ संलग्न छ ।

कैफियत सहितको लेखापरीक्षण राय - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्ण प्रसाद ढकाल)
नायव महालेखापरीक्षक

महोत्तरी गाउँपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७४।७५

परिचयः स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्बद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शीता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु नै गाउँपालिका स्थापनाको प्रमुख उदेश्य हो । २ नं. प्रदेशमा अवस्थित यस गाउँपालिका अर्न्तगत ६ वडा, ३२ सभा सदस्य रहेका छन् । २८.०८ व.की.मी.क्षेत्रफल ओगटेको यस पालिकाको जनसंख्या २७४३० रहेको छ ।

स्थानीय संचितकोषः आर्थिक वर्ष २०७४।७५ स्थानीय संचित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ :

सि.नं.	आयतर्फ		सि.नं.	व्ययतर्फ	
	विवरण	रकम		विवरण	रकम
१	**गत वर्षको जिम्मेवारी**		१	**चालु खर्च**	१०६५२१७०२.८०
	क) नगद		२	**पूँजीगत खर्च**	४९५२३५४१.१४
	ख) बैंक	८०८१३८१.७५	३	**वित्तीय व्यवस्था भुक्तानी**	०
	ग) धरौटी खाता	०		क) ऋण भुक्तानी	०
	घ) कर्मचारी कल्याण कोष खाता	०		ख) ब्याज भुक्तानी	०
२	कर्मचारी कल्याण कोष खाता गत वर्ष	०		ग) अन्य भुक्तानी	०
३	विपत कोष खाता गत वर्ष	०			०
	मर्मत सम्भार कोष खाता	०	४	**लगानी**	०
२	**राजस्व (आन्तरिक आय)**	०		ऋण लगानी	०
	क) आन्तरिक राजस्व	९९०६४५६.००		शेयर लगानी साझा यातायात	०
	ख) राजस्व बाँडफाँड	०		अन्य लगानी	०
	ग) अन्य आय	०	५	**धरौटी फिर्ता**	८१०५००
३	**वित्तीय हस्तान्तरण**	०	६	**कोष खर्च (निकासा फिर्ता)**	०
	क)वित्तीय समानीकरण अनुदान	१४८९४१०००		अर्थ वजेट	०
	ख) सशर्त अनुदान	५३६४६०००			०
	ग) समपुरक अनुदान	०	७	**मौज्दात**	०
	घ) विशेष अनुदान	३६७९५०००		क) नगद मौज्दात	०
४	**प्रदेश सरकारबाट प्राप्त अनुदान**	०		ख) बैंक मौज्दात	८७२७६७९०.०६
	वित्तीय समानीकरण अनुदान	०		ग) धरौटी खाता	७२०६००.००
	सशर्त अनुदान, समपूरक अनुदान, विशेष अनुदान	०		घ) आन्तरिक कोष	१४०४७८०३.७५
५	**अन्तर स्थानीय तहबाट प्राप्त**	०			०
६	**वित्तीय व्यवस्था प्राप्ति**	०			०
६	**विभिन्न कोष खाता**	०			०
७	**जनसहभागिता (नगद)**	०			०
९	**विषयगत निकायबाट प्राप्त रकम**	०			०
१०	**धरौटी आय**	१५३११००			०
१२	**लगानीको साँवा फिर्ता**	०			०
१३	**अन्य विविध आय**	०			०
	जम्मा	**२५८९००९३७.७५**		**जम्मा**	**२५८९००९३७.७५**

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम
१.	**बजेट पेश गर्ने तथा पारित गर्ने -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गतेभित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय-व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय-व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय-व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिनभित्र छलफल सम्पन्न गरी आषाढ भित्र नै पारीत गर्नुपर्ने व्यवस्था छ । तर गाउँसभाले चालु आर्थिक वर्षको आय-व्ययको अनुमान र आगामी आर्थिक वर्षमा सञ्चालन हुने योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण २०७४ पौष २९ गते मात्र स्वीकृत गरेको छ । अगामी आर्थिक वर्षको आय-व्ययको अनुमान कानूनले तोकेको समयावधि भित्र सम्पन्न गर्न व्यवस्था गर्नेतर्फ ध्यानाकर्षण गरिएको छ । यो वर्ष सरोकारवाला समेतको सभाले देहाय वमोजिमको आय तथा व्ययको अनुमान पेश गरेको छ : ● गाउँपालिकाले यो वर्ष अन्तर्गतका ६ वटा वडामा कुल २६५ योजनामा रु.४ करोड ९७ लाख ५० हजार छुट्याएको र गाउँस्तरीय योजनातर्फ ८९ योजनामा रु.७ करोड ४३ लाख ८७ हजार छुट्याएको छ । ● सशर्त अनुदानमा स्वास्थ्य र शिक्षा विकासको लागि प्राप्त भएको रु.५,३६,४६,०००।- सोहि शीर्षकमा खर्च हुने गरी व्ययको अनुमान स्वीकृत गरेको छ । ● समग्रमा गाउँपालिकाले रु.३०,०३,११,०००।- को आय-व्ययको अनुमान गरेको देखिन्छ ।	
२.	**खर्च गर्ने अख्तियारी र कार्यविधि** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ बमोजिम सभाबाट बजेट स्वीकृत भएको सात दिनभित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ को आय-व्ययको प्रक्षेपण २०७४ पौष २९ मा सभाबाट स्वीकृत भएकोमा स्वीकृत भएको ७ दिनभित्र प्रमुख प्रशासकीय अधिकृतलाई खर्च गर्ने अख्तियारी उपलब्ध गराएको देखिएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।	
३.	**आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययीता, प्रभावकारीता, नियमितता र दक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानूनबमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । गाउँपालिकाले आन्तरिक नियन्त्रण सम्बन्धी निर्देशिका तयार गरेको छैन । गाउँपालिकाद्वारा सञ्चालित कार्यलाई प्रभावकारी, नियमित र दक्षतापूर्ण ढङ्गबाट सम्पादन गरी उत्तम नतिजा लिन तत्काल आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याइनुपर्ने देखिन्छ ।	
४.	**कानुन निर्माण र कार्यान्वयन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस व्यवस्था अर्न्तगत यस वर्ष गाउँपालिकाले तर्जुमा गरेका निम्न कानुनहरु राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा आएका छन् :	

सि.नं.	कानुनको नाम
१.	महोत्तरी गाउँपालिका गाउँकार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४
२.	महोत्तरी गाउँपालिका गाउँकार्यपालिका (कार्यविभाजन) नियमावली, २०७४

३.	महोत्तरी गाउँपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणकिरण,
४.	महोत्तरी गाउँपालिका कार्यपालिकाको वैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७४
५.	महोत्तरी गाउँपालिकाका पदाधिकारीहरुको आचारसंहिता, २०७४
६.	आर्थिक विधेयक, २०७५
७.	विनियोजन विधेयक, २०७५
८.	शिक्षा विधेयक, २०७५
९.	सहकारी विधेयक, २०७५
१०.	विपद व्यवस्थापन विधेयक, २०७५
११.	कार्यसञ्चालन नियमावली, २०७५

५. **स्रोत अनुमान तथा बजेट सीमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा बजेट सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानूनी व्यवस्था रहेकोमा विषयगत क्षेत्र तथा पूर्वाधार क्षेत्रमा रकम विनियोजन गरी योजना छनौट तथा सोको प्राथमिकीकरण गरी आंशिक रुपमा कार्यान्वयनमा ल्याइए तापनि ठुला पूर्वाधार क्षेत्रलाई बजेटको प्राथमिकतामा राखेको देखिएन । साथै गाउँपालिकास्तरिय योजना छनौट गाउँ अवण्डा रकमबाट कार्यपालिकाको निर्णयको आधारमा योजना छनौट गरी कार्यान्वयनमा ल्याएको पाइयो । साना, ठुला, मझौला पूर्वाधार क्षेत्रको विकासमा बजेट व्यवस्थापन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

६. **वजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । गाउँपालिकाले विनियोजन गरेको आय-व्यय अनुमानको स्थिति निम्नानुसार देखिएको छ :

शीर्षक वाइज निकासा खर्चको स्थिति

कार्यक्रमको नाम	वजेट	निकासा	खर्च	बाँकी
समानीकरण अनुदान	१४८९४१०००	१४८९४१०००	६१६४२०९.९४	८७२७६७९०.०६
सशर्त अनुदान	५३६४६०००	५३६४६०००	५३६४६०००	०.००
सामाजिक सुरक्षा	३४७७६०००	३४७७६०००	३४७७६०००	०.००
बहुक्षेत्रीय पोषण कार्यक्रा	१११९०००	१११९०००	१११९०००	०.००
LGCDP चालु	४६००००	४६००००	४६००००	०.००
LGCDP पूँजीगत	६०००००	६०००००	६०००००	०.००
जम्मा	**२३९५४२०००**	**२३९५४२०००**	**९६७६५२०९.९४**	**८७२७६७९०.०६**

७. **वित्तीय प्रगतिको स्थिति** -आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका गाउँ स्तरीय तथा वडा स्तरीय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगति विवरण दिएको देखिएन । गाउँपालिकाको समग्रमा वित्तीय प्रगति निम्नानुसार देखिन्छ :

सि.नं.	कार्यक्रम	वजेट	खर्च	खर्च प्रतिशत
१	समानीकरण अनुदान	१४८९४१०००	६१६६४२०९.९४	४१.४०
२	सशर्त अनुदान	५३६४६०००	५३६४६०००	१००

बजेटमा भएको व्यवस्था अनुरुप कार्यक्रम, कार्य लक्ष्य र समयवीच तादाम्यता मिलाई वित्तीय प्रगति अपेक्षापूर्ण बनाउन आवश्यक छ ।

८.	**कार्यक्रम तथा योजना संशोधन** - आवश्यकता, प्राथमिकीकरण र पहिचानको आधारमा योजना छनौट गरिनुपर्ने व्यवस्था छ । गाउँपालिकाको २०७४ पौष २९ गतेको सभावाट वडा नं. १ देखि ६ सम्म स्वीकृत भएकामध्ये कतिपय योजना कार्यपालिकाको निर्णयबाट मर्जर गर्ने तथा संशोधन गरी कार्यसम्पन्न गरेको देखिन्छ । योजना मर्जर गर्ने, संशोधन गर्ने, छुट्याउने स्थितिले योजनाको आवश्यकता र प्राथमिकीकरण प्रक्रिया उपयुक्त देखिएन । काबु बाहिरको परिस्थिति सिर्जना नभई अघिल्लो सभाले स्वीकृत गरेको योजना पछिल्लो सभाले परिवर्तन गर्नु उपर्युक्त होइन । अतः योजना थपघट गरी संशोधन गर्ने स्थितिमा नियन्त्रण गर्नु आवश्यक छ ।	
९.	**योजनागत लक्ष्य प्रगति** - गाउँपालिकाले यस आ.व. मा सम्पन्न गरेका, सम्पन्न गर्न बाँकी रहेका तथा सम्पन्न हुन नसकेका योजनाको एकमुष्ठ प्रगति विवरण तयार गरी पेश नगरेकोले योजनागत प्रगति यकिन गर्न सकिएन । योजनाको सम्पूर्ण अभिलेख अद्यावधिक गरी योजनागत प्रगति विवरण तयार गर्न योजना शाखालाई जिम्मेवार बनाइनु पर्दछ ।	
१०.	**एकीकृत विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ वमोजिम प्रत्येक आर्थिक वर्ष र आय-व्ययको एकीकृत लेखा बनाई पेश गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले तयार गरेको एकीकृत आर्थिक विवरणमा सबै विषयगत क्षेत्रको कारोबार समेटेको छैन । विभिन्न समयमा महिला विकास, जि.स.स., म.स्वा.से लगायतको बीऊ पूँजी तथा अन्य आयको हिसावमा खुलासा समेत गाउँको स्थिति छ । थप स्रोत पहिचान गरी कारोबार समेट्नु पर्दछ ।	
११.	**बक्यौता रकम असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अर्न्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का वापत वक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । गाउँपालकाले उठ्नुपर्ने रकमको आयगत लगत तयार गरेको छैन । आय ठेक्का, सम्पत्ति बिक्री, मालपोत, अन्तःशुल्क, कर दस्तुरको वडागत लगत तयार नगरेबाट वक्यौता देखिन सक्ने अवस्था रहेन । उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी उठ्नुपर्ने र वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन तथा प्राप्त हुनुपर्ने आयको लेखा हिसाव तयार गर्नेतर्फ विशेष रुपमा ध्यान दिनुपर्दछ ।	
१२.	**आन्तरिक आय सम्वन्धमा :** कार्यालयले यो वर्ष रु. ९९,०६,४५६।- आन्तरिक आय प्राप्त गरेकोमा पालिका अन्तर्गतका ६ वटा वडाको आम्दानी समेत एकमुष्ट केन्द्रले दाखिला गर्ने गरेको देखियो । वडा कार्यालयहरुमा आयको दैनिक प्राप्ती खाता, आयको मासिक विवरण समेत बनाउने गरेको देखिएन । जसबाट कुन वडाले पालिकाको आयमा के कति योगदान गरेको छ एकिन हुन सकेन । अतः आगामी दिनमा कार्यालयले पालिकाका प्रत्येक वडाको आन्तरिक आयको दैनिक प्राप्ती खातामा अभिलेख गरि सोहि दिन दाखिला गर्ने गरि व्यवस्था मिलाउनुपर्ने देखिन्छ । प्रत्येक वडाले मासिक आय विवरण तयार गरि केन्द्रमा(पालिका) पठाउने र पालिकाले वडागत विवरण समेत देखिने गरी मासिक र वार्षिक आय विवरण तयार गर्नुपर्ने देखिन्छ ।	
१३.	**राजस्वको अभिलेख** - आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अद्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । गाउँपालिकाले यस वर्ष राजस्व आम्दानीतर्फ म.ले.प.फा.नं. १०८ र २३ नराखेको तथा दैनिक राजस्व असुलीको भौंचर उठाएको देखिएन । नियमावलीको व्यवस्था अनुसार म.ले.प.फा.नं. १०८ र म.ले.प.फा.नं. २३ राखि राजश्व असुली लेखा व्यवस्थित गर्नुपर्दछ । साथै असुली रकम असुल भएको भोलीपल्ट दाखिला गर्नुपर्नेमा वडा कार्यालयले मासिक/त्रैमासिक रुपमा दाखिला गर्ने गरेको देखियो । असुली रकम नियमानुसार समयमै दाखिला गर्नुपर्दछ । आम्दानी जस्तो संवेदनशिल विषयमा गम्भिर भई अनिवार्य रूपमा राख्नुपर्ने दैनिक आम्दानी एवं बैङ्क दाखिला खाताहरूको प्रयोग	

	गरी आन्तरिक आयलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ ।	
१४.	**बरबुझारथ** - मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको बुँदा १७ बमोजिम गाउँपालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाउँपालिकाको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको गाउँपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजू सम्परीक्षण कार्य गर्नुपर्ने उल्लेख छ । यस गाउँपालिकामा समाहित भएका साबिकका गाउँ विकास समिति, गाउँपालिका तथा विषयगत कार्यालयको पेश्की बाँकी विवरण, बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले यकिन गरी अद्यावधिक गरेको देखिएन । गाउँपालिकाले एकीकृत विवरण तयार गरी उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।	
१५.	**सञ्चित कोष** - स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को दफा ६३ अनुसार गाउँपालिका वा गाउँपालिकाको स्थानीय सञ्चित कोषसंग आवद्ध हुने गरी वडामा एक खर्च खाता रहने तथा चालु आर्थिक वर्षको अन्त्यमा वडाको खर्च खातामा रहेको सवै वाँकी रकम सम्वन्धित स्थानिय तहको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले साविकका गाउँ विकास समिति तथा गाउँपालिकाको नाममा रहेका कोषहरुको सम्बन्धमा अभिलेख व्यवस्थित नगरेबाट उक्त कोषहरुको मौज्दात रकम यकिन गर्न सकिएन । तत्कालीन गाउँ विकास समिति तथा गाउँपालिकाको नाममा बाँकी रहेका सम्पूर्ण कोषहरु यकिन गरी गाउँपालिका अन्तर्गत ल्याइनु पर्दछ ।	
१६.	**आर्थिक विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहको लेखा दोहोरो स्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले सो अनुसार लेखा राखेको देखिएन । यसरी तयार गरिएका आथिंक विवरणले वास्तविक आय र खचंको स्थिति देखाउदैन भने शीषंकगत खचंको स्थिति समेत मूल्याङ्कन गनं सकिने स्थिति देखिएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।	
१७.	**आन्तरिक लेखापरीक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले कानून वमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । गाउँपालिकाले अन्तिम लेखापरीक्षण अवधि सम्म पनि ऐनको व्यवस्था वमोजिम आन्तरिक लेखापरीक्षण गराएको देखिएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।	
१८.	**विद्युतीय लेखा** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नुपर्ने तथा महालेखा नियन्त्रकको कार्यलयले निःशुल्क रुपमा उपलव्ध गराई गाउँपालिकाहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले SUTRA प्रयोगमा ल्याई आर्थिक कारोवार लेखाङ्कन गरेको छैन । सफ्टवेयर प्रयोग गरी आर्थिक कारोवार सञ्चालनमा ल्याइनु पर्दछ ।	
१९.	**कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानूनबमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने र उक्त कोषमा स्थानीय तहले आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो बराबर हुन आउने रकम थप गरी जम्मा गनुर्पर्ने व्यवस्था छ । गाउँपालिकामा साविकका गाउँ विकास समिति तथा गाउँपालिका तर्फको कर्मचारी कल्याण कोषको सून्य मौज्दात देखिन्छ । यसैगरी यस वर्ष गाउँपालिकाले गाउँसभाबाट स्वीकृत गराई कोषमा एकमुष्ठ रु.३,००,०००।- जम्मा गरेको छ । ऐनले आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो बराबर हुन आउने रकम थप गरी कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेकोमा सो विपरीत एकमुष्ठ रुपमा रकम जम्मा गरेको देखियो । ऐनमा	

	भएको व्यवस्था पालना गरिनुपर्दछ ।	
२०.	**जिम्मेवारी भिडान :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७५ मा एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्त्यमा गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा स्वतः जम्मा (ट्रान्सफर) हुने उल्लेख छ । कार्यालयले पेश गरेको यस वर्षको आय-व्यय हिसाब विवरणमा गत वर्षको बैङ्क जिम्मेवारी रु. ८०,८१,३८१।७५ उल्लेख गरेकोमा कार्यालयको गत आर्थिक वर्षको अन्तिम लेखापरीक्षण हुननसकी हालसम्म पनि वक्यौता रहेकोले गत वर्षको जिम्मेवारी भिडान गर्न सकिएन । अतः कार्यालयले आन्तरिक रुपमा छानबिन गरी गत वर्षको जिम्मेवारी रकम यकिन गनुपर्ने देखिएको, रु.	८०८१३८१/७५
	ब.उ.शी.नं. ३६५०१५३ सामाजिक सुरक्षा कार्यक्रमतर्फ	
२१.	**सामाजिक सुरक्षा भत्ता** - संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. २०७४।७५, चं.नं. १०६४ मिति २०७५।३।३१ पत्रानुसार शसर्त अनुदानको रकममध्ये खर्च नभई बाँकी रहेमा संघीय सञ्चितकोमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकालाई यस वर्ष सामाजिक सुरक्षातर्फ रु.३,४७,७६,०००।- बजेट व्यवस्था अनुरुप निकासा भएकोमा रु.३,४४,९२,४००।- खर्च भई बाँकी रु.२,८३,६००।- संघीय सञ्चित कोष फिर्ता दाखिला गरेको प्रमाण पेश गरेको छ ।	
२१.१.	कुनै पनि भुक्तानीमा स्रेस्तासाथ संलग्न रहेका बिलभरपाई र अन्य कागजातको यथार्थता यकिन गर्ने दायित्व सम्बन्धित कार्यालय र निकायसंग सम्बन्धित व्यवस्थापनको रहेको हुन्छ । सामाजिक सुरक्षा कार्यक्रम कार्यविधि, २०७२ को दफा ९ मा गाउँपालिका वा गाउँपालिकाले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहितको अनुसूची-५ बमोजिमको मूल अभिलेख अद्यावधिक गरी राख्नुपर्ने, दफा १८(क) मा भत्ता पाउने लाभग्राहीको सम्पूर्ण विवरण व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टि गर्नुपर्ने, दफा १८(ग) मा सो प्रणालीमा प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था रहेको छ । यस गाउँपालिकामा ६ वटा वडा संख्या रहेकोमा सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको नामावली विद्युतीय अभिलेख (MIS) सिष्टममा प्रविष्टि गर्ने गाउँको तथा सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको फोटो सहितको मूल अभिलेख माग गर्दा प्राप्त नभएकोले ६ वटै वडामा के कति सामाजिक सुरक्षा भत्ता पाउन योग्य लाभग्राही छन् भिडाउन सकिएन । अतः ६ वटा वडालाई निकासा दिएको रु.३,४४,९२,४००।- सामाजिक सुरक्षा भत्ता कार्यालयले छानबिन गरी यकिन गर्नुपर्ने देखिन्छ । सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा कार्यालयले छानविन गरी नपाउने रकम भुक्तानी भएको देखिए सो रकम समेत असुल उपर गर्नुपर्ने देखिन्छ ।	
२१.२.	**पेश्की बाँकी** -आर्थिक कार्यविधि नियमावली, २०७४ को नियम ७४(३) मा पेश्की दिएको रकम म्यादभित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने एवं दिने दुबैको कर्तव्य हुने कुरा उल्लेख छ । सामाजिक सुरक्षा कार्यक्रमतर्फको आर्थिक वर्षको अन्तसम्म फछ्र्यौट हुन बाँकी रहेको निम्नानुसार पेश्की रकम नियमानुसार फछ्र्यौट गर्नुपर्ने, रु.	२३२८२४००/-

पेश्की पाउने वडा	पेश्की रकम	पेश्की फछ्र्यौट	फिर्ता र दाखिला	बाँकी पेश्की
१	५५२५२००.००	०	०	५५२५२००.००
२	५६००००००.००	१६६००००.००	०	३९४००००.००
३	७१८८०००.००	२२५२०००.००	०	४९३६०००.००
४	३८२७६००.००	३३७८४००.००	३६००.००	४४५६००.००
५	४७४१६००.००	१५२०८००.००	०	३२२०८००.००
६	७६१००००.००	२३९५२००.००	०	५२१४८००.००
जम्माः	**३४४९२४००.००**	**११२०६४००.००**	**३६००.००**	**२३२८२४००.००**

२२.	**तलबी प्रतिबेदन** - स्थानिय सरकार संचालन ऐन, २०७४ बमोजिम स्थानीय तह अर्न्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारीत गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले कर्मचारीको तलबी प्रतिवेदन पारीत नगरी तलव खर्च लेखेको छ। तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ।	
२३.	**वातावरणीय प्रभाव** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा गाउँपालिका क्षेत्रमा स्थल, जल, वायु तथा ध्वनी प्रदूषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । गाउँपालिकाले यो वर्ष विपद व्यवस्थापन, वातावरण संरक्षण तथा जलवायु परिवर्तन, वन तथा भू-संरक्षण, जलाधार संरक्षण, फोहोरमैला तथा ढल व्यवस्थापन लगायतका वातावरणीय प्रभाव न्यूनीकरणको कार्यमा बजेट तय गरेको देखिएन । वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । सालबसाली सरसफाईको काममा गाउँक्षेत्रको सडक सफाई, फोहोर संकलन गरी ढुवानी केन्द्रमा जम्मा गर्ने, नियमित सरसफाई, दैनिक ढल निकास खोल्ने कार्य, सिनो व्यवस्थापन, भूस्याहा कुकुर नियन्त्रण, लास व्यवस्थापन, चाडपर्व, शनिवार गाउँ र नदी सरसफाई आदी कार्यहरु पर्दछन् । गाउँपालिकाबाट ढल निर्माणको एकीकृत बहु वर्षे योजना बनाएको देखिएन । सोलार बत्ती, मोटोराइज ट्राइसाईकल, ब्यालर, कम्पोष्ट प्लान्ट सचेतना लगायतको अभियान सञ्चालन गरी ग्रामीण वातावरण सुधार गर्ने कार्य भएको छैन । वातावरणीय प्रभाव मूल्याङ्कनलाई ध्यान दिई कार्यक्रम सञ्चालन गरिनुपर्दछ।	
२४.	**मनोरञ्जन कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनूपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७४।७५ मा पालिकाले यस शीर्षकमा कर संकलन गरेको देखिएन । पालिकाको क्षेत्रभित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर यकिन गरी असुल गर्नुपर्दछ । सोनागढी मन्दिर, दुर्गा मन्दिर, महोदरी पोखरी, ठाडी पोखरी, गिदराही पोखरी, भरुवाही पोखरी जस्ता धार्मिक तथा पर्यटकीय स्थलको लागि आवश्यक व्यवस्था हुनुपर्दछ।	
२५.	**योजना र कार्यान्वयन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। गाउँपालिकाले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट गाउँ साना साना र टुक्रे योजनामा बजेट व्यवस्था गरेको छ। ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ।	
२६.	**सभाको निर्णय कार्यान्वयन** - मिति २०७४।९।२९ मा सम्पन्न गाउँपालिकाबाट पारित कार्यक्रम र कार्यान्वयनको अवस्था को Fallow up Register अभिलेख राखेको नदेखिंदा सभाद्वारा भएको निर्णयको कार्यान्वयन स्थिति विश्लेषण गर्न सकिएन । अतः तत्सम्बन्धी अभिलेख एवं प्रमाण व्यवस्थित गर्नुपर्दछ।	
२७.	**उपभोक्ता समिति** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने, जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कानूनले तोकेका कार्य पूर्ण रुपले अवलम्वन गरेको देखिएन । नियमावलीमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।	

२८. **उपभोक्ता समितिको कार्य :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न गरेको कामको प्राविधिक मुल्याङ्कन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको वैठकबाट अनुमोदन गराई पेश गर्नुपर्ने तथा प्राविधिक मुल्याङ्कन, कार्यसम्पन्न प्रतिवेदन लगायतका कागजातमा योजनाको नाम, शुरु मिति, सम्पन्न मिति, उपभोक्ता समितिको छाप लगाएतका प्रमाण स्पष्ट देखिने गरी समावेश गर्नुपर्ने उल्लेख छ । यस वर्ष पालिकाले गाउँस्तरिय तथा वडागत योजनाहरु उपभोक्ता समिति मार्फत सम्पन्न गरेकोमा सम्पन्न योजनाको प्राविधिक मुल्याङ्कन तथा कार्यसम्पन्न प्रतिवेदनमा योजनाको नाम, शुरु मिति, सम्पन्न मिति लगायतका विवरण उल्लेख गाउँको तथा उपभोक्ता समितिको छाप लगाएको देखिएन । उपभोक्ता समिति मार्फत सम्पन्न हुने योजनासँग सम्बन्धित कागजातमा उल्लेखित विवरण स्पष्टसँग देखिनेगरी उल्लेख गर्नुपर्दछ ।

वित्तीय समानिकरण अनुदान पूँजीगततर्फः

२९. **मोटरसाइकल दर्ता** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ मा सरकारी जिन्सी मालसामानको लगत तयार गरी अद्यावधिक गरी राख्नुपर्ने उल्लेख छ । कार्यालयले गो.भौ.नं.३ मिति २०७४।८।२८ मा पल्सर १६० NS नीलो मोटरसाइकल १ थान खरिद बापत ओम अटो सेन्टर, जलेश्वरलाई रु.२,६४,९००।- भुक्तानी गरेकोमा उक्त मोटरसाइकल गाउँपालिकाको नाममा सरकारी प्लेटमा दर्ता भएको तथा जिन्सी खातामा आम्दानी बाँधेको देखिएन । खरिद गरेको मोटरसाइकल सरकारी नम्बर प्लेटमा दर्ता गरी कार्यालयको जिन्सी किताबमा आम्दानी बाँध्नुपर्ने देखिएको, रु. २६४९००.००

३०. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नमिल्ने उल्लेख छ । नियमानुसार एकुमष्ट खरिद योजना तयार गरी सिलबन्दी दरभाउपत्र वा बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्दछ । कार्यालयले यस वर्ष मेशिनरी औजार तथा फर्निचर विभिन्न फर्महरुबाट कोटेशन मार्फत खरिद गरी रकम भुक्तानी गरेको देखियो । कम मूल्यमा गुणस्तरीय सामान प्राप्त गर्नको लागि प्रतिस्पर्धा अपनाउनु पर्नेमा सो नगरी प्रतिस्पर्धा सिमित हुने गरी कोटेशन मार्फत खरिद गर्दाखर्चमा मितव्ययीता कायम हुन नसक्ने हुँदा सोझै खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । कार्यालयले यस वर्ष सोझै खरिद गरेका केही उदाहरण निम्नानुसार रहेका छन्:

भौ.नं. र मिति	फर्म	सामान	भुक्तानी
३२-०७५/३/५	शाह जनरल स्टोर्स, जलेश्वर	मोवाइल Exide व्याट्री लगायत	४९०९७९.००
३३-०७५/३/६	सोनम जनरल अर्डर सप्लायर्स	इन्भर्टर, Exide व्याट्री	४८१७१९.००
६१-०७५/३/३१	एम.वि.कम्प्युटर एण्ड सप्लायर्स	ल्यापटप, प्रिन्टर लगायत	१०९२४८.००
१०२-०७५/३/३१	पशुपति जनरल अर्डर सप्लायर्स	प्रिन्टर, डिजिटल बोर्ड	४६५०५१.००
५-०७४/८/२८	सोनम जनरल अर्डर सप्लायर्स	दराज, रिभल्वीङ चेयर	२७९९५७.००
३०-०७५/३/६	पशुपति जनरल अर्डर सप्लायर्स	सोफा सेट	२९५६०८.००
३३-०७५/३/६	सोनम जनरल अर्डर सप्लायर्स	स्टील दराज, टेबुल लगायत	४०७६४१.००
		स्टील दराज, वाल्टीन, डोरम्याट लगायत	४०७६४१.००
	जम्माः		**२९३७८४४.००**

३१. **मूल्य अभिवृद्धि कर** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १९(१) मा करदाताले प्रत्येक अवधिको कर सो अवधि समाप्त भएको मितिले २५ दिनभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा बुझाउनु पर्ने उल्लेख छ । साथै दफा १९(२) मा उक्त अवधिका कर नबुझाएमा बाँकी रहेको रकममा वार्षिक १० प्रतिशत का दरले थप दस्तुर लाग्ने उल्लेख छ । कार्यालयले निम्नानुसारको फर्मलाई कर वीजकबाट रु. २,४३,२७५।- मूल्य अभिवृद्धि कर भुक्तानी गरेकोमा उक्त फर्म विगत लामो समयदेखि Non Filer रहेको देखिएकोले ऐनमा भएको व्यवस्था अनुसार मू.अ.कर रकम आन्तरिक राजस्व कार्यालयमा समायोजन गरेको प्रमाण पेश गनुपर्ने रु. ----- २४३२७५/-

भौ.नं. र मिति	फर्म	पान	वीजक नं. र मिति	बिल रकम	मू.अ.कर	कैफियत
५-०७४/८/२८	सोनम जनरल	६०४१२५९१४	३१ / ३२–	२४७७५०.००	३२२०७.००	०७४ आषाढ

	अर्डर सप्लायर्स		०७४/८/१४			देखि Non filer
३३-०७५/३/६	,,	६०४१२५९१४	१२०-०७५/३/५	४२६३००.००	५५४१९.००	,,
	,,	६०४१२५९१४	११९-०७५/३/५	३६०७४५.००	४६८९७.००	,,
	,,	६०४१२५९१४	१०४-०७५/२/१५	५१३००.००	६६६९.००	,,
	,,	६०४१२५९१४	९३-०७५/१/२८	३५४७५०.००	४६११८.००	,,
१९.०७५/२/२७	,,	६०७४५४८१५	१-०७५/२/१	४३०५००.००	५५९६५.००	,,
			जम्मा	**१८७१३४५**	**२४३२७५**	

३२.	**परामर्श सेवा** - कार्यालयले यस वर्ष वडा नं.१ देखि ६ सम्मका सडकहरुको विस्तृत सर्भे डिजाइन कार्य बापत भेट इन्जिनियरिङ सोलुसन समेत २ परामर्शदातालाई रु.९,७८,३६१।- खर्च भुक्तानी गरेकोमा सम्भाव्यता अध्ययन प्रतिवेदनले औंल्याए अनुसारको पूर्वाधार निर्माणमा बजेट विनियोजन गरी कार्य गरेको देखिएन । सम्भाव्यता अध्ययनको नाममा परामर्शदाताहरुबाट कार्य गरी रकम खर्च गर्ने तर अध्ययन प्रतिवेदनले औंल्याए अनुसारको योजना छनौट गरी कार्य नहुने हुँदा सम्भाव्यता अध्ययनमा भएको खर्च अनुत्पादक हुने गरेको देखिन्छ । विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदनले दिएको सुझाव मूल्याङ्कन गरी योजना छनौट गरिनु पर्दछ ।	
३३.	**अग्रिम कर** - आयकर ऐन, २०५८ को दफा ८८, ८९ अनुसार भुक्तानीमा अग्रिम आयकर कट्टा गर्नुपर्दछ । कार्यालयले निम्नानुसारको भुक्तानीमा अग्रिम आयकर कट्टा नगरेको वा घटी कट्टा गरेको रु. ४,२८,०८२।- असुल गरी दाखिला गर्नुपर्ने रु. ----------	४२८०८२/-

गो.भौ.नं. र मिति	भुक्तानी लिने	कार्य	भुक्तानी	छुट कर	कैफियत
१३-०७५/२/२२	सरोज यादव	मेशिन भाडा - १५०० घण्टा लेवलीङ माटो पुर्ने मेशिन भाडा	८२३५००.००	८२३५०.००	भरपाईबाट भुक्तानी
१३-०७५/२/२२	राम अधार यादव	माटो पुर्ने मेशिन भाडा	२२५०००.००	२२५००.००	भरपाईबाट भुक्तानी
१६-०७५/२/२७	सुदर्शन मिश्र	ढुवानी	५५०००.००	५५००.००	भरपाईबाट भुक्तानी
१६-०७५/२/२७	दरमादी यादव	ढुवानी	५५०००.००	५५००.००	भरपाईबाट भुक्तानी
१६-०७५/२/२७	रामदयाल शाह	ढुवानी	७७०००.००	७७००.००	भरपाईबाट भुक्तानी
१७-०७५/२/२७	ब्रम्हदेव यादव	लेवल मिक्चर भाडा	४३२००.००	४३२०.००	भरपाईबाट भुक्तानी
१७-०७५/२/२७	श्यामसुनदर दास	मेशिन भाडा ४ घण्टा	१००००.००	१०००.००	भरपाईबाट भुक्तानी
३४-०७५/३/५	संजय महतो	जेसीवि मेशिन १४५ घण्टा	३१२४९८.००	२६५६२.००	भरपाईबाट भुक्तानी
९४-०७५/३/२८	संजय महतो	जेसीवि मेशिन ३०० घण्टा	७५००००.००	७५०००.००	भरपाईबाट भुक्तानी
९५-०७५/३/२८	जय बजरंग वली ग्रावेल उद्योग	डोजर भाडा २७० घण्टा	९९९०००.००	८५४५०.००	भरपाईबाट भुक्तानी
२६-०७५/३/१	अनवर नढाक	ट्रिपरबाट ढुङ्गा ढुवानी	२९६०००.००	२९६००.००	भरपाईबाट भुक्तानी
७६-०७५/३/३१	विरेन्द्र शाह	गिट्टी, बालुवा, ईटा ढुवानी	३९७०००.००	३९७००.००	भरपाईबाट भुक्तानी
१७-०७५/२/२७	श्यामसुन्दर दास	गिट्टी, बालुवा, ईटा ढुवानी	२८९०००.००	२८९००.००	भरपाईबाट भुक्तानी
४६-०७५/३/१४	रामबाबु चौधरी	गिट्टी, बालुवा, ईटा ढुवानी	१४००००.००	१४०००.००	भरपाईबाट भुक्तानी
		जम्मा		**४२८०८२**	

३४.	**बिल भरपाई** - आर्थिक कार्यविधि नियमावली, २०६४ को. नियम ३६(३) मा खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्ने उल्लेख छ । कार्यालयले गो.भौ.नं.१४ मिति २०७५।२।२३ मा कार्यालय सहयोगी रामशंकर कापरलाई बैठक भत्ता भनी रु.५९,०७५।- (रु.१०,४२५।- कर कट्टी गरी) भुक्तानी गरेकोमा सो भत्ता वितरणको भरपाई र बैठकको माइन्युट संलग्न गरेको देखिएन । उल्लेखित प्रमाण पेश गरी नियमित गर्नुपर्ने रु. ----------	५९०७५/-
३४.१.	कार्यालयले गो.भौ.नं.२२ मिति २०७५।३।१ मा इलाका प्रहरी कार्यालय, बलवाका सई राकेश प्रसाद भेडिहरलाई माटो पुर्ने कार्य बापत रु.२५,०००।- तथा भौ.नं.२६ मिति २०७५।३।५ मा रु.१५,०००।- समेत रु.४०,०००।- सोधभर्ना भुक्तानी भनी खर्च लेखेकोमा खर्चको बिल भरपाई प्रमाण पेश नगरेकोले उल्लेखित प्रमाण पेश गरी नियमित गर्नुपर्ने रु. ---------	४००००.००
३५.	**कार्य सम्पन्न प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा खरिद सम्झौतामा उल्लेखित अवधिभित्र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था । गाउँपालिका	

अन्तर्गत निम्नानुसारका योजना समपन्न भई भुक्तानी भएकोमा लेखापरीक्षण अवधि सम्म कार्यसम्पन्न प्रतिवेदन पेश गरेको देखिएन । नियमावलीमा भएको व्यवस्था अनुसार कार्यसम्पन्न प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने रु. ---------- २३०६०१७/-

गो.भौ.नं. र मिति	उपभोक्ता समिति । कार्य	वडा नं.	भुक्तानी
१७-०७५/२/२७	चौदी दासको घरदेखि रघुविरको घर हुँदै महेशघरसमम PCC ढलान	३	६५०६८०.००
४६-०७५/३/१४	महारानी कालिका मन्दिर देखि जिराइन हुँदै मुस्ति टोल PCC ढलान	३	६३८५१४.००
१०४-०७५/३/३१	श्रीमाध्यमिक विदालय गोवरपुरा छत ढलान कार्य	-	१०१६८२३.००
	जम्माः		२३०६०१७.००

३६. **बीजक जारी नगरी पान बिलबाट भुक्तानी** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४(२) मा प्रत्येक दर्ता भएको व्यक्तिले तोकिए बमोजिमको अवस्थामा बाहेक कुनै पनि वस्तु वा सेवा आपूर्ति गर्दा वीजक जारी गर्नुपर्ने उल्लेख छ । यस वर्ष मूल्य अभिवृद्धि करमा दर्ता भएको निम्नानुसारको फर्मले वीजक जारी नगरी करयोग्य वस्तुको कारोबार गरी पान बिलबाट रु. १६,६५,२०४।- भुक्तानी लिएको देखिएकोले उक्त फर्मले कारोबार गरेको करयोग्य आय गणना गरी मू.अ.कर रकम आन्तरिक राजस्व कार्यालयमा समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु. १६६५२०४/-

भौ.नं. र मिति	फर्म	पान नं.	बिल संख्या	सामान	रकम
३६-०७५/३/१०	जय बज्रगुरु ग्रावेल उद्योग, वर्दिवास (मू.अ.कर दर्ता मिति २०७१।९।३०)	३०१४१९८७९	८ + ५	गिट्टी, बालुवा, ग्रावेल	२५९०३८.००
४३-०७५/३/११		३०१४१९८७९	४	गिट्टी, बालुवा, ग्रावेल	७९७०४.००
५१-०७५/३/१९		३०१४१९८७९	४	गिट्टी, बालुवा, ग्रावेल	७९७०४.००
५७-०७५/३/२५		३०१४१९८७९	१०	गिट्टी, बालुवा, ग्रावेल	१९७७५८.००
७८-०७५/३/३१		३०१४१९८७९	-	गिट्टी, बालुवा, ग्रावेल	५००००.००
९५-०७५/३/२०		३०१४१९८७९	-	डोजर भाडा २७० घण्टा	९९९०००.००
				जम्माः	१६६५२०४.००

३७. **सर्फ बनाउने तालिम** - सीपमूलक तथा अन्य तालिम सञ्चालनमा अर्थ मन्त्रालयले तयार गरेको कार्यसञ्चालन निर्देशिका, २०७३ बमोजिम भत्ता सुविधा उपलव्ध गराउनु पर्दछ । गो.भौ.नं.६७ मिति २०७५।३।३१ मा वडा नं.४ मा मिति २०७५।३।११ देखि १७ गते सम्म ७ दिने सर्फ बनाउने तालिम सञ्चालन गरेबापत परिवर्तन नेपाल नामक गैह्र सरकारी संस्थालाई रु.२,९१,०००।- भुक्तानी गरेकोमा कार्यसञ्चालन निर्देशिकाले तोकेभन्दा बढी दरमा भत्ता भुक्तानी गरेको निम्नानुसारको रु.२९,७५०।- असुल गरी दाखिला गर्नुपर्ने रु. ------ २९७५०/-

नाम	पद	स्वीकृत दर	खाएको दर	कक्षा	बढी भुक्तानी (कर कट्टी पछि)
प्रियंका सिंह	प्रशिक्षक	१५००.००	३०००.००	७	८९२५.००
रमन कु.चौधरी	प्रशिक्षक	१५००.००	३०००.००	७	८९२५.००
शंकर मण्डल	स.प्रशिक्षक	१५००.००	२०००.००	७	२९७५.००
सैरा खातुन	प्रशिक्षक	१५००.००	३०००.००	७	८९२५.००
	जम्माः				२९७५०.००

३८. **कुसंस्कार नियन्त्रण कार्यक्रम** - कार्यालयले गो.भौ.नं.४२ बाट मिति २०७५।३।१३ मा लक्षित वर्ग कार्यक्रम अन्तर्गत कुसंस्कार नियन्त्रण कार्यक्रम सञ्चालन (मिति २०७५।२।२६ देखि २८ सम्म ३ दिने) वापत पर्सा युवा क्लव महोत्तरीलाई रु.१,९४,०००।- भुक्तानी गरेकोमा अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिकाले तोकेभन्दा बढी दरले भत्ता भुक्तानी गरेको निम्नानुसारको रु. १७,७००।- असुल गरी दाखिला गर्नुपर्ने रु. ---------- १७७००/-

नाम	पद	स्वीकृत दर	खाएको दर	कक्षा/दिन	बढी भुक्तानी
मोसताकिम राय	संयोजक	६००.००	२०००.००	३	४२००.००
रामललित पासवान	प्रशिक्षक दै.भ्र.भ.	१६००.००	२५००.००	१	९००.००

मो.क्यूम अन्सारी	प्रशिक्षक दै.भ्र.भ.	१६००.००	२५००.००	१	९००.००	
मोफिद राईन	प्रतिवेदक आवत जावत	१६००.००	३५००.००	३	५७००.००	
सहादत राईन	व्यवस्थापन बापत	संयोजकको व्यवस्था	२०००.००	३	६०००.००	
	जम्मा:				**१७७००.००**	

३९.	**महिला हिंसा अभिमूखीकरण तालिम तथा गोष्ठी** - कार्यालयले गो.भौ.नं.५० बाट मिति २०७५।३।२४ मा चार दिने (२०७५।२।१७ देखि २।२०) महिला हिंसा अभिमूखीकरण तालिम तथा गोष्ठी सञ्चालन बापत महारानी दलित उत्थान केन्द्र, महोत्तरी-२ लाई रु.४,८५,०००।- भुक्तानी गरेकोमा सो सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन् : **(२०७५।२।१७ र २।१८ को तालिम)**	
३९.१.	अतिथि आतेजाते बापत सतादेवी यादव समेत १० जनालाई रु.१,०००।- का दरले दुई दिनको रु.२०,०००।- खर्च लेखिसकेपछी पुनः अतिथि आतेजाते बापत भनि मोहन चौधरीलाई कर कट्टा पछि रु.४,२५०।- भुक्तानी गरेकोमा निर्देशिकाले गरेको व्यवस्थाबमोजिम त्यस्तो खर्च लेख्न नपाइने हुँदा उक्त रकम असुल गर्नुपर्ने रु. ----------	४२५०.००
३९.२.	प्रशिक्षक भत्ता बापत मो.कैयुम अन्सारी समेत २ जनाले रु.३,०००।- का दरले ४ कक्षाको रु.१२,०००।- भुक्तानी लिएकोमा स्वीकृत दर प्रतिकक्षा रु.१,५००।- मात्र रहेकोले बढी खर्च लेखेको रकम कर कट्टी पछिको रु.५,१००।- असुल गर्नुपर्ने रु. ----------	५१००.००
३९.३.	संयोजक भत्ता बापत सन्तोष चौधरीलाई रु.३,०००।- का दरले रु.६,०००।- भुक्तानी गरेकोमा स्वीकृत दर बमोजिम प्रतिदिन रु.६००।- मात्र भुक्तानी लिनुपर्नेमा बढी भुक्तानी गरेको कर कट्टी पछि रु.४,०८०।- असुल गर्नुपर्ने रु. ----------	४०८०.००
३९.४.	प्रतिवेदन भत्ता बापतको मो.अख्तर रेजा अन्सारीलाई रु.६,०००।- (२ दिनको) खर्च लेखेकोमा निर्देशिकाले स्वीकृत दर अनुसार प्रतिदिन रु.१,०००।- मात्र रहेकोले बढी खर्च लेखेको कर कट्टी पछिको रु.३,४००।- असुल गर्नुपर्ने रु. ----------	३४००.००
३९.५.	सञ्चार खर्च बापत संजित कुमार शाह समेत ३ जनालाई प्रतिदिन रु.१,०००।- का दरले दुई दिनको रु.६,०००।- खर्च लेखेकोमा त्यस्तो खर्च लेख्ने व्यवस्था नभएकोले उक्त रकम असुल गर्नुपर्ने रु. ----------	६०००.००
३९.६.	मूल्याङ्कन भत्ता बापत मोहन शर्मालाई रु.३,०००।- का दरले दुई दिनको रु.६,०००।- भुक्तानी गरेकोमा नियमानुसार स्वीकृत दर रु.९००।- मात्र रहेकोले बढी खर्च लेखेको कर कट्टी पछिको रु.३,५७०।- असुल गर्नुपर्ने रु. ----------	३५७०.००
	मिति २०७५।२।१९ र २।२० गतेको महिला हिंसा अभिमूखीकरण तालिम तथा गोष्ठी तर्फ	
३९.७.	सहयोगी भत्ता बापत अनिल कुमार पासवानलाई रु.२,५००।- दरले २ दिनको रु.५,०००।- भुक्तानी गरेकोमा नियमानुसार रु.३००।- दरले मात्र लेख्न मिल्ने भएकोले बढी भुक्तानी कर कट्टी पछिको रु.३,७४०।- असुल गर्नुपर्ने रु. ----------	३७४०.००
३९.८.	प्रशिक्षक भत्ता बापत मो.कैयुम अंसारी समेत २ जनालाई रु.३,०००।- दरले २ दिनको रु.१२,०००।- भुक्तानी गरेकोमा नियमानुसार रु.१,५००।- दरले भुक्तानी गर्नुपर्नेमा बढी भुक्तानी गरेको कर कट्टी पछिको रु.५,१००।- असुल गर्नुपर्ने रु. ----------	५१००.००
३९.९.	संयोजक भत्ता बापत अमित चौधरीलाई रु.३,०००।- दरले २ दिनको रु.६,०००।- भुक्तानी गरेकोमा नियमानुसार रु.६००।- का दरले भुक्तानी गर्नुपर्नेमा बढी भक्तानी गरेको कर कट्टी पछिको रु.४,०८०।- असुल गर्नुपर्ने रु. ----------	४०८०.००
३९.१०.	प्रतिवेदन भत्ता बापत रोहन चौधरीलाई रु.३,०००।- दरले रु.६,०००।- भुक्तानी गरेकोमा नियमानुसार प्रतिदिन रु.१,०००।- मात्र पाउने व्यवस्था भएकोले कर कट्टी पछि बढी खर्च लेखेको रकम असुल गर्नुपर्ने रु. ----------	३४००.००

३९.११.	सञ्चार खर्च बापत अभय कुमार चौधरी समेत ३ जनालाई रु.१,०००।- दरले २ दिनको रु.६,०००।- खर्च लेखेकोमा त्यस्तो खर्च लेख्न पाउने व्यवस्था नभएकोले उक्त रकम असुल गर्नुपर्ने रु. ----------	६०००.००
३९.१२.	मूल्याङ्कन भत्ता बापत अजित मण्डललाई रु.३,०००।- का दरले रु.६,०००।- खर्च लेखेकोमा नियमानुसार रु.९००।- दरले मात्र पाउने व्यवस्था भएकोले बढी खर्च लेखेको कर कट्टी पछिको रु.३,५७०।- असुल गर्नुपर्ने रु. ----------	३५७०.००
३९.१३.	मिति २०७५।२।१७ देखि २।२० सम्म सञ्चालित चार दिने तालिममा प्रशिक्षक, अनुगमन प्रतिवेदन लगायतको भत्तामा रु.१४,९००।- अग्रिम कर कट्टी गरी भुक्तानी गरेकोमा उक्त कर रकम दाखिला गरेको देखिएन । कट्टी गरेको कर रकम तालिम सञ्चालकबाट असुल गरी दाखिला गर्नुपर्ने रु. ----------	१४९००.००
४०.	**पार्श्वचित्र (प्रोफाइल) निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा सार्वजनिक निकायले रु.२० हजारभन्दा बढी रकमको मालसामान खरिद वा निर्माण कार्य गराउँदा मूल्य अभिवृद्धि करमा दर्ता भएको फर्मबाट मात्र गर्नुपर्ने उल्लेख छ । कार्यालयले गाउँपालिकाको पार्श्वचित्र (प्रोफाइल निर्माण) कार्यको लागि आर्थिक प्रस्ताव माग गरी मिथिला जागरण समाज नामक गैह्र सरकारी संस्थासंग रु.१०,००,०००।- मा कार्यसम्पन्न गर्ने गरी मिति २०७४।१।२५ मा सम्झौता गरेकोमा उक्त संस्था मू.अ.करमा दर्ता भएको पाइएन । कार्यालयले लागत अनुमान समेत तयार नगरेको तथा संस्थाबाट बिल समेत नलिई रकम भुक्तानी गरेको देखियो । पार्श्वचित्र निर्माण कार्य मू.अ.करमा दर्ता भएको परामर्शदाता बीचमा प्रतिस्पर्धा अपनाई सम्पन्न गराउनु पर्नेमा आयकरमा मात्र दर्तावाला गैह्र सरकारी संस्थाबाट कार्य गरेको नियमसम्मत् देखिएन । जागरण समाजले पार्श्वचित्र तयारीको प्रतिवेदन पेश गरी भुक्तानी माग गरेको निवेदनको आधारमा कार्यालयले ३ प्रतिशत कन्टिन्जेन्सी तथा १.५ प्रतिशत अग्रिम कर कट्टा गरी रु.९,५५,४५०।- भुक्तानी गरेको छ । परामर्श सेवा वापतको उक्त खर्च रकममा अग्रिम आयकर वापतको छुट १३.५ प्रतिशतले हुने रु.१,३०,९५०।- असुल गर्नुपर्ने रु. ----------	१३०९५०/-
४१.	**अभिलेख व्यवस्थापन कार्य** - कार्यालयले गो.भौ.नं.६९ मिति २०७५।३।३१ बाट गाउँपालिकाका सबै सार्वजनिक सम्पत्तिको लेखाङ्कन, अभिलेख र व्यवस्थापन कार्यको लागि महोत्तरी जनचेतनाशील समूहलाई रु.१,९४,०००।- भुक्तानी गरेकोमा सो सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :	
४१.१.	समूहले जाहिद खाँ समेत ६ जना सहायक कर्मचारीलाई सूचना संकलन गरे बापत मिति २०७५।३।१० देखि ३।२५ सम्मको प्रतिव्यक्ति रु.१५,०००।- दरले रु.९०,०००।- पारिश्रमिक भुक्तानी गरेकोमा १ प्रतिशत मात्र अग्रिम कर कट्टा गरेको देखिएकोले अग्रिम कर बापतको छुट रु.१२,६००।- असुल गर्नुपर्ने रु. ----------	१२६००.००
४१.२.	समूहले ओवैस सिद्धिकी समेत ६ जनालाई खाना, खाजा बापत रु.५,०००।- का दरले रु.३०,०००।- भुक्तानी गरेको भरपाई पेश गरेकोमा नियमानुसार प्रतिदिन रु.२००।- का दरले १५ दिनको रु.३,०००।- का दरले रु.१८,०००।- मात्रभुक्तानी गर्नुपर्नेमा बढी खर्च लेखेको रु.१२,०००।- असुल गर्नुपर्ने रु. ----------	१२०००.००
४१.३.	समूहले पंकज राय समेत ६ जनालाई पेट्रोल खर्च बापत रु.५,०००।- का दरले रु.३०,०००।- भुक्तानी गरेको भरपाई पेश गरेकोमा सो बाहेक पेट्रोल खर्चको रु.६,५००।- को बिल समेत पेश गरेको देखिन्छ । नियमानुसार मासिक १० लि. पेट्रोल उपलब्ध गराउन सकिनेमा १५ दिनको पेट्रोल खपत उक्त बिल बराबरको रकमभन्दा कम हुन आउने देखिन्छ । नियममा भएको व्यवस्था विपरीत पेट्रोल बापत भनी खर्च लेखेको रु.३०,०००।- असुल गर्नुपर्ने रु. ----------	३००००.००

४१.४.	समूहले कार्यक्रम संयोजक पारिश्रमिक भनी संजित कुमार चौधरीलाई रु.३०,०००।- भुक्तानी गरेकोमा नियमानुसार संयोजकले रु.६००।- का दरले १५ दिनको रु.९,०००।- मात्र पाउने देखिएकोले बढी खर्च लेखेको रु.२१,०००।- असुल गर्नुपर्ने रु. ----------	२१०००.००
४१.५.	समूहले प्रतिवेदन तयारी बापत रंजित कुमार चौधरीलाई रु.९,०००।- भुक्तानी गरेको भरपाई पेश गरेकोमा नियमानुसार प्रति कार्यक्रम प्रतिवेदन बापत रु.३,०००।- मात्र दिन मिल्नेमा बढी खर्च लेखेको रु.६,०००।- असुल गर्नुपर्ने रु. ----------	६०००.००
४१.६.	समूहले कार्यक्रम सम्पन्न पश्चात प्रतिवेदन पेश गरेकोमा गाउँपालिका अन्तर्गतका महादेव मन्दिर समेत ४६ वटा मठ मन्दिर (धार्मिक स्थल), ठाडी पोखरी समेत २२ वटा पोखरी र मा.वि.गोनरपुरा समेत ११ विद्यालय तथा विभिन्न १६ स्थानमा रहेको सार्वजनिक जग्गाको नाम मात्रको विवरण पेश गरेको छ । गाउँपालिका अन्तर्गत रहेका धार्मिक, साँस्कृतिक एवं पर्यटकीय महत्वमा सार्वजनिक स्थलहरुको पहिचान र अभिलेखीकरण गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन भएकोमा उद्देश्य अनुरुपको कार्य प्रगति प्रतिवेदनमा झल्किदैन । कार्यालयले सम्झौता अनुरुपको कार्यसम्पन्न गर्न सहभागी संस्थालाई जिम्मेवार बनाउनु पर्दछ ।	
४२.	**सपिमूलक तालिम कार्यक्रम** - कार्यालयले गो.भौ.नं.७४ मिति २०७५।३।३१ मा १५ दिने (मिति २०७५।३।१०-३।२५) सीपमूलक तालिम कार्यक्रम सञ्चालन बापत तराई मधेश महिला विकास समाजलाई रु.१,९४,०००।- भुक्तानी गरेकोमा सो सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :	
४२.१.	समाजले प्रशिक्षक भत्ता बापत सरिता महासेठलाई प्रतिकक्षा रु.२,५००।- का दरले १५ दिनको रु.३७,५००।- भुक्तानी गरेको भरपाई पेश गरेकोमा नियमानुसार रु.१,६००।- दरले रु.२४,०००।- मात्र भुक्तानी गर्नुपर्नेमा बढी खर्च लेखेको रु.१३,५००।- असुल गर्नुपर्ने रु.---	१३५००.००
४२.२.	समाजले सहयोगी भत्ता बापत दिनेश चौधरीलाई प्रतिदिन रु.१,०००।- दरले १५ दिनको रु.१५,०००।- भुक्तानी गरेको भरपाई पेश गरेकोमा नियमानुसार प्रतिदिन रु.३००।- का दरले रु.४,५००।- मात्र खर्च लेख्न मिल्ने देखिएकोले बढी खर्च लेखेको रु.१०,५००।- असुल गर्नुपर्ने रु. ----------	१०५००.००
४३.	**निकासा र खर्च** - गाउँपालिकालाई शिक्षा तर्फ यस आर्थिक वर्षमा रु.४,३०,७४,०००।- निकासा भएकोमा गाउँपालिकाले सोही अनुसारको खर्च देखाएको पाइयो । खर्चमध्ये बचत रकम रु.४१,६७,६४५।५० चालु आ.ब.२०७५।७६ को मिति २०७५।४।२४ मा बेरुजू खातामा दाखिला भएको छ । सो सम्बन्धमा देखिएका अन्य व्यहोरा देहाय अनुसार छन् :	
४३.१.	**प्रारम्भिक बाल शिक्षा शिक्षकको पारिश्रमिक** - शिक्षा मन्त्रालयबाट स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन पुस्तिका २०७४।७५ को कम्पोनेन्ट नं.१.१.२.४८ मा हरेक स्थानीय तहले आफ्नो क्षेत्रभित्र रहेका विद्यालयहरुमा प्रतिविद्यालय एक प्रारम्भिक बाल विकास शिक्षा कायम रहने गरी मौजुदा प्रारम्भिक बाल शिक्षा कक्षाहरुलाई विद्यालयहरुमा पुनः वितरण कार्यलाई प्राथमिकता दिने एवं समुदायमा सञ्चालित बाल विकास केन्द्रका शिक्षकहरुको पारिश्रमिक निकासा दिंदा सम्बन्धित संस्थाले शैक्षिक तथ्याङ्क २०७४ भरी प्रमाणित भएको यकिन गरेर सम्बन्धित स्रोत व्यक्ति तथा विद्यालय निरीक्षकबाट रुजू गराई निकासा दिने व्यवस्था छ । साथै प्रारम्भिक बाल शिक्षा शिक्षकको प्रमाणित हाजिरीको आधारमा मात्रै पारिश्रमिक निकासा दिनुपर्ने व्यवस्था समेत गरेको छ । तर गाउँपालिकाले प्रारम्भिक बाल शिक्षा शिक्षकको लगत विद्यालयगत एवं संस्थागत रुपमा अद्यावधिक गरेको पाइएन ।	
४३.२.	गाउँपालिकाले आफ्नो अन्तर्गत रहेका ११ वटा विद्यालयहरुमा आधारभूत तह र मा.वि.तहमा स्थायी दरबन्दी शिक्षक, अस्थायी दरबन्दी शिक्षक र राहत शिक्षकको विद्यालयगत दरबन्दी र पदपूर्ति सम्बन्धी अभिलेख अद्यावधिक गर्नुपर्ने साथै शिक्षकहरुको नयाँ नियुक्ति, अवकास, राजिनामा र बेतलवी विदा बस्ने शिक्षकहरुको रेकर्ड समेत अद्यावधिक गर्नुपर्नेमा अभिलेख	

	अद्यावधिक गरेको पाइएन । अतः विद्यालयको तलबी माग फारामको आधारमा दिएको निकासा रकमलाई तुलना गर्न सक्ने अवस्था देखिएन । जसले गर्दा कार्यालयले दिएको निकासा यथार्थपरक छ भन्ने अवस्था देखिएन । तसर्थ सुधार गर्नुपर्ने देखिन्छ ।	
४३.३.	कार्यालयले गो.भौ.नं.६ मिति २०७४।११।१६ बाट विभिन्न विद्यालयहरुको दोस्रो चौमासिक तलब निकासा बापतको खर्च भनी रु.१६,०८,६५६।८० खर्च लेखेको पाइयो । तर सो तलब निकासा कुन कुन विद्यालयको कति कति हो सोको प्रमाण संलग्न नभएकोले खर्चको यकिन गर्न सक्ने अवस्था देखिएन । अतः सोको प्रमाणित विद्यालयगत शिक्षक दरबन्दी र निकासा माग फाराम रकमको प्रमाण पेश गर्नुपर्ने रु. ----------	१६०८६५६.८०
४३.४.	श्री मा.वि.पर्सा रघुनाथमा प्रा.वि.शिक्षक दरबन्दी जम्मा ५ जना रहेको र सोको दरबन्दी खाली रहेको देखिएन । यसरी दरबन्दी खाली नरहेको अवस्थामा समेत प्रा.वि.द्वि.शिक्षक लालबाबु यादव भगैया प्रा.वि.जलेश्वर न.पा.बाट काजमा यस विद्यालयमा आएको पाइयो । यसरी काजमा आएको शिक्षकको नाममा समेत तेस्रो चौमासिक तलब निकासा भनी गो.भौ.नं.१० मिति २०७५।२।३० बाट रु.१,२१,११९।५० निकासा विद्यालय खातामा दिएको पाइयो । अतः सो शिक्षकको दरबन्दी रहेको विद्यालयमा समेत निजको काममा तलब निकासा जान सक्ने हुनाले निकासा गए नगएको सम्बन्धमा सम्बन्धित विद्यालय एवं स्थानीय तहबाट समेत प्रमाणित कागजात पेश हुनुपर्दछ । यसरी सो विद्यालयमा निज शिक्षकको नाममा निकासा गएको अवस्थामा सो रकम असुल हुने रु. ----------	१२१११९.५०
४३.५.	श्री जनता मा.वि.भदैउग्रीपट्टिमा सहयोगी कार्यकर्ता एवं कर्मचारीहरुको दोस्रो चौमासिक तलब निकासा रु.१,०६,०००।- विद्यालयलाई दिनुपर्ने देखिन्छ । तर विद्यालयले तलब माग फाराम पेश गर्दा फाराममा ग्रेड र महङ्गी भत्ता समेत जोडेर माग गरेको पाइयो । सोही आधारमा कार्यालयले गो.भौ.नं.५ मिति २०७४।११।११ बाट रु.१,५८,३६८।- निकासा दिएको पाइएकोले उक्त बढी निकासा रु.५२,३६८।- विद्यालयबाट असुल हुनुपर्ने रु. ---------	५२३६८.००
४३.६.	श्री माध्यामिक विद्यालय, पर्सा रघुनाथमा कार्यरत बाल विकास शिक्षकहरुको प्रथम चौमासिक निकासा बापत २ जना बाल विकास शिक्षकको हुने रु.६०,०००।- गो.भौ.नं.१ मिति २०७४।६।२४ बाट दिएको एवं दोस्रो चौमासिक निकासा तलब मात्रै रु.४८,०००।- विद्यालय खातामा निकासा दिनुपर्नेमा गो.भौ.नं.७ मिति ०७४।११।१६ बाट रु.२,०५,५००।- खर्च लेखेको पाइयो । अतः बढी निकासा रु.१,५७,५००।- को प्रमाण पेश हुने अन्यथा असुल हुने रु. ----------	१५७५००.००
४४.	**सूचना केन्द्र निर्माण खर्च** - सार्वजनिक खरिद नियमावली, २०६४ कोनियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्चको प्रमाणित गर्ने कागजात सहित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले ICT पूर्वाधार सहित शैक्षिक सूचना केन्द्र निर्माणको लागि भनी लक्ष्मी नारायण सामुदायिक सिकाई केन्द्र, महोत्तरीलाई गो.भौ.नं.१४ मिति ०७५।३।३१ बाट रु.२,००,०००।- खर्च निकासा दिएको पाइयो । तर सो संस्थाले कार्यसम्पन्न गरेको प्रमाण पेश गरेको नपाइएकोले कार्यसम्पन्न प्रमाण पेश हुने रु. ----------	२०००००
४५.	**पाठ्यपुस्तक रकम वितरण** - शिक्षा मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७४।७५ को कम्पोनेन्ट नं.२.१५.११.११२ मा जिल्ला स्थित विद्यालयहरुबाट विद्यार्थीको कक्षागत तथ्याङ्क यकिन गरी सो तथ्याङ्कलाई वि.नि.रस्रोत व्यक्तिबाट प्रमाणित गराउनु पर्ने व्यवस्था छ । साथै सो प्रमाणित तथ्याङ्कको आधारमा दोस्रो चौमासिक अवधिभित्र विद्यालयहरुलाई पाठ्यपुस्तक बापतको कक्षागत रकम प्रथम पटक ७५ प्रतिशत निकासा दिने र नपुग २५ प्रतिशत सम्बन्धित विद्यालयहरुले नयाँ शैक्षिक सत्रमा भर्ना भएका र नपुग भएको संस्थाको आधारमा गाउँपालिकामा माग गर्ने र सोको आधारमा थप रकम निकासा दिने व्यवस्था छ । कार्यालयले देहायका गो.भौ.नं. र मितिबाट निम्नानुसारका विद्यालयहरुलाई	

पाठ्यपुस्तक बापतको रकम पेश्की भनी विद्यालय खातामा निकासा दिएकोमा सोको फछ्र्यौट हालसम्म भएको पाइएन । जसले गर्दा सो रकम बढी भयो वा नपुग भयो यकिन हुने अवस्था भएन । अत: सो रकम अविलम्ब फछ्र्यौट गर्नुपर्ने देखिएको रु. --------- — १४८४००.००

क्र.सं.	गो.भौ.नं. र मिति	विद्यालय	निकासा रकम
१.	८-०७५/१/२	प्रा.वि.हरिहिरदुवा	१३७४००.००
२.	९-०७५/१/१०	मदर्सा गुलसने महिना रनवाडा	११०००.००
		जम्मा:	१४८४००.००

४६. **बढी निकासा** - शिक्षा मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन निर्देशिका २०७४।७५ अनुसार गाउँपालिकाले सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको कक्षागत विवरणको यथार्थ तथ्याङ्क सङ्कलन गरी सम्बन्धित वि.नि.रस्रोतव्यक्तिबाट प्रमाणित गराई प्रथम निकासा ७५ प्रतिशत र दोस्रो नपुग निकासा २५ प्रतिशत गरी विद्यालयलाई निकासा दिने व्यवस्था छ । तर कार्यालयले देहायका विद्यालयको निम्नानुसारका कक्षाहरुमा EMIS भन्दा बढी संख्यामा रकम निकासा दिएको पाइएकोमा सोको प्रमाण पेश नभएकोले उक्त बढी निकासा रकम सम्बन्धित विद्यालयबाट असुल हुनुपर्ने रु. ---------- — ३३२३४.००

विद्यालय	कक्षा	विद्यार्थी संख्या (EMIS)	निकासा विद्यार्थी	बढी संख्या	दर	रकम
जनता उ.मा.वि.अडै उग्रीपट्टि	४	११८	१८०	६२	३३६.००	२०८३२.००
मा.वि.पर्सा	२	५६	७०	१४	२३४.००	३२७६.००
प्रा.वि.सनोवडा	२	६१	१००	३९	२३४.००	९१२६.००
जम्मा:						३३२३४.००

४७. **भ्याट** Non Filler : निम्न सप्लायर्स तथा सेवा प्रदायक संस्थाहरुले पेश गरको भ्याट विल IRD को Website मा PANNo. search गर्दा उक्त सप्लायर्स तथा सेवा प्रदायक संस्थाहरु non filler देखिंदा non filler लाई भुक्तानी गरेको निम्नानुसारको मू.अ.कर रु. ९५,७८६।२४ को मू.अ.कर समायोजन पत्र पेश गर्ने अन्यथा भुक्तानी गरेको कर रकम असुल गर्नुपर्ने, रु — ९५७८६/२४

भौ.नं. मिति	कार्यक्रम	भुक्तानी लिने	वि. नं. र मिति	विल रकम	मू.अ.कर रकम	कैफियत
३९-०७४/१०/८	परिषद संचालन	सोनम जेनरल अर्डर सप्लायर्स (६०४१२५९१४)	५४-०७४/१०/८	३१००१५.५०	३५६५५	2074 देखि non filler
६७-०७४/१२/१५	कार्यालय सामान	सोनम जेनरल अर्डर सप्लायर्स (६०४१२५९१४)	७१-०७४/१२/१५	३६८२०८.२४	४२३६०.२४	2074 देखि non filler
२२६-०७५/३/२९	ओ.डि.एफ कार्यक्रम	सोनम जेनरल अर्डर सप्लायर्स (६०४१२५९१४)	१५४-०७५/३/१७	५६५००	६५००	2074 देखि non filler
१८०-०७५/३/२५	कार्यालय सामान	जानकी सप्लायर्स, जलेश्वर (३०२०६८०८१)	विजक नम्वर नभएको विजक	९७९७१	११२७१	2074 देखि non filler समेत रहेको
		जम्मा:			९५७८६.२४	

४८. **वितरणमूखी खर्च** - पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा उपयोगिताको सृजना नगर्ने खर्चलाई नियन्त्रण गर्नुपर्नेमा विभिन्न संघ संस्था, समूह, क्लव, व्यक्ति लगायतलाई कार्यक्रम र प्रयोजनका आधारमा गाउँपालिकाले रु.७,६०,८५७/- आर्थिक सहायता उपलब्ध गराएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा समेत पूँजी सृजना नहुने खालका कार्यक्रम जुन वितरणमूखी र उपयोगिता नदिने स्थितिमा रहेका खर्चलाई निरुत्साहित गर्न आवश्यक देखिन्छ । ऐनमा संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी अवस्था समेत नदेखिएकोले वितरण गरेको आर्थिक सहायता नियमसम्मत् नदेखिएको रु. ---------- — ७६०८५७.००

४९. **विल भर्पाइ बेगर भुक्तानी** - अर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) मा

कुनै रकमको भुक्तानी गर्दा रित पुगे वा नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । गा.पा.ले यस वर्ष निम्न खर्चको भुक्तानी गर्दा सोको विल पेश नभएको रु. --------- १०५०००.००

भौ.नं. र मिति	वापत	भुक्तानी पाउने	रकम
६२-०७४/१२/१५	विविध खर्च	त्रिलोक यादव	८००००.००
६३-२०७४/१२/१५	आर्थिक सहायता	गा.वि.स. राष्ट्रिय महासंघ नेपाल	२५०००.००
		जम्माः	**१०५०००.००**

५०. **जिन्सी निरीक्षण** -आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० वमोजिम जिन्सी सामानहरु के कस्तो अवस्थामा छन् कार्यालय प्रमुखले वर्षमा कम्तीमा एक पटक आफैंले निरीक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारी वा प्राविधिकद्वारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिई राख्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले आ.व. २०७४।७५ मा जिन्सी निरीक्षण गरेको प्रतिवेदन वमोजिम नियमावलीमा भएको व्यवस्थाको पालना गरेको पाइएन ।

५१. **कर कट्टी नभएको** -आयकर ऐन, २०५८ को दफा ९८ अनुसार फर्म वा पाटीलाई भुक्तानी गर्दा अग्रिम रुपमा १.५ प्रतिशत तथा भाडा भुक्तानी गर्दा १० प्रतिशत बहाल कर कट्टी गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देहायबमोजिमका विभिन्न खर्च भुक्तानी गर्दा नियमानुसार कर कट्टा गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्नेमा कट्टा गरेको पाइएन । नियमानुसार कट्टा गरी सघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु. ---------- २८४९८.००

भौ.नं. र मिति	कार्यक्रम	कर विवरण	भुक्तानी रकम	रकम
३५-०७४/९/२८	परिषद सञ्चालन गर्दा खाजा बापत दुर्गा मिठाई पसल, जलेश्वरको २ वटा विल भुक्तानी गर्दा १.५ प्रतिशत अग्रिक कर	अग्रिम कर	२१२२००.००	३१८३.००
	खुस्वु टेन्ट हाउस, जलेश्वरको भाडा	वहाल कर	९००००.००	९०००.००
६१-०७४/१२/१५	कार्यक्रममा खुस्वु टेन्ट हाउस, जलेश्वरको भाडा	वहाल कर	२५०००.००	२५००.००
८५-०७५/१/३	वडा नं. १ को गाडी भाडा र टेन्ट हाउस भाडा	वहाल कर	५००००.००	५०००.००
२६६-०७५/३/२९	कार्यक्रममा खुस्वु टेन्ट हाउस, जलेश्वरको भाडा	वहाल कर	६४०००.००	६४००.००
	कार्यक्रममा खाजा वापत दुर्गा मिठाई पसल जलेश्वरको विल भुक्तानी	अग्रिम कर	७८०००.००	११७०.००
	शिवम खाना नास्ता जलेश्वरको विल भुक्तानी	अग्रिम कर	८३०००.००	१२४५.००
	जम्मा		**६०२२००**	**२८,४९८/-**

५२. **असम्बन्धित खर्च** - सरकारी रकम खर्च गर्दा तोकिएको उद्देश्य, कार्यक्षेत्रको परिधिमा रही खर्च गर्नुपर्दछ । भारतीय प्रधानमन्त्रीको जनकपुर भ्रमण हुँदा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष सहित ७ वटै वडाको वडा अध्यक्षहरुलाई रु.२५,०००।- का दरले जम्मा रु.२,२५,०००।- खर्च लेखेको छ । भारतीय प्रधानमन्त्री जनकपुर भ्रमण गर्दा यस पालिकाको प्रतिनिधिहरुले जनकपुरमा होटल खर्च भनी भुक्तानी दिएको छ । यस पालिकाको कार्यक्षेत्र समेत नभएको साथै व्यक्तिगत रुपमा प्रधानमन्त्रीको सभामा सहभागी हुँदा निजी खर्च लेख्नुपर्नेमा गाउँपालिकाबाट खर्च लेखेकोले निजी प्रयोजमा सरकारी सम्पत्ति खर्च गरेको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु. ---------- २२५०००.००

५३. **जनचेतना कार्यक्रमः** भौ.नं.१७१ मिति २०७५।३।१ बाट पिछडा वर्ग विकास तथा अनुसन्धान केन्द्रले जनचेतना विषयमा वडा नं.४ र ६ मा मिति २०७५।२।१४ देखि २०७५।२।१९ सम्म सञ्चालन गरेको पाइयो । उक्त कार्यक्रम सञ्चालन बापत रु.४,८५,०००।- भुक्तानी गरेको छ । सो सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छन् :

५३.१. आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ अनुसार खर्चको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी मात्र भुक्तानी गर्नुपर्दछ । पिछडा वर्ग विकास तथा अनुसन्धान केन्द्रले फोटो व्यानर बापत २ वटा कार्यक्रमको रु.२,०००।- का दरले रु.४,०००।- को बिल भरपाई पेश गरेको छ । तर वडा नं.४ मा उक्त कार्यक्रम २०७५।२।१४ देखि २०७५।२।१६ सम्म

	सञ्चालन गरेको देखिएन भने वडा नं.६ मा सञ्चालन भएको मिति २०७५।२।१७ देखि २०७५।२।१९ सम्मको व्यानरको मितिमा पेपर टाँसी मिति छोपेकोले व्यानर एउटा मात्रै छपाएको देखिएकोले एकवटा कार्यक्रमको व्यानर छपाईको बढी रकम असुल गर्नुपर्ने रु.	२०००.००
५३.२.	कार्यक्रम सञ्चालन गर्दा उक्त कार्यक्रम समाप्त भएपछि कार्यक्रमको उद्देश्य अनुरुप भए नभएको सम्बन्धमा कार्यक्रम प्रतिवेदन पेश गरी प्रतिवेदन बापत खर्च लेख्न सकिने व्यवस्था छ । उक्त कार्यक्रम दुई वटामा दुई पटक सञ्चालन भएकोले २ वटा प्रतिवेदन खर्च लेख्नुपर्नेमा दुईवटा प्रतिवेदन पेश गरी ६ दिन सञ्चालन भएको कार्यक्रममा ६ वटा प्रतिवेदन बापत रु.२,५००।- का दरले रु.१५,०००।- खर्च लेखेकोले बढी खर्च लेखेको ४ वटा प्रतिवेदन बापतको रकम असुल गर्नुपर्ने रु. ----------	१००००.००
५३.३.	कार्यक्रम सञ्चालन गर्दा कार्यक्रम संयोजक वा सहजकर्ताको खर्च लेख्न सकिने व्यवस्था भएकोमा संयोजक र सहजकर्ता दुबै राखी खर्च लेखेको छ । प्रत्येक दिनको कार्यक्रममा एक जना सहजकर्ता बापत खर्च मात्र लेख्नुपर्नेमा प्रतिदिन ६ दिनको कार्यक्रममा १२ जना सहजकर्ता बापत रु.१,५००।- का दरले र ६ जना संयोजकलाई रु.१,०००।- का दरले रु.६,०००।- भुक्तानी गरेकोले प्रतिदिन एक जना सहजकर्ताभन्दा बढी ६ जना सहजकर्ताको रु.९,०००।- र संयोजक बापत रु.६,०००।- भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु. ----------	१५०००.००
	आन्तरिक आय तर्फ	
५४.	**गत विगत वर्षको बाकी तलव खर्चः** आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ४०(७) अनुसार चालु वर्षको वजेटले नखाम्ने गरी बढी खर्च हुने गरी दायित्व श्रृजना गर्न नहुने तथा बिशेष कारणवस चालु वर्षको वजेटले नखाम्ने भएमा बिल भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिनु पर्ने कारण खोलीभुक्तानी दिन बाकीको कच्चावारीमा चढाई श्रावण १५ गते भित्र कार्यालय प्रमुख र कोष तथा लेखा निभन्त्रकवाट प्रमाणित गराई राख्नु पर्ने व्यवस्था छ । कार्यालयले निम्न भौ न र मिति वाट गत विगत वर्षको तलव भुक्तानी दिन बाकी रकम भुक्तानी गरेको भनी खर्च लेखेकोमा नियमावलीमा उल्लेख भए अनुसार तोकिएको ढाँचामा भुक्तानी दिन बाकीको कच्चावारी प्रमाणित वेगर खर्च लेखेको रकम नियमित नदेखिएको रु. ----------	१४७४५३५/-

भौन र मिति	कर्मचारीको नाम	अवधि	भुक्तानी रकम
५/२०७५/३/२०	भोगेन्द्र राय	०७३/१/१ -०७४/३ /३	३३१५००
	राम शकर कापर	२०७३/५- ०७४/३/	१८९५३०
९/२०७४/३/२५	राम नरेश पासवान	०७२/९-०७३/३	४१६६५५
११/२०७५/३/२९	शम्भु यादव		११०८५०
	रामचरण मण्डल		१०५०००
	राज बिशोर यादव		२१६०००
	बिरेन्द्र पासवान		१०५०००
	जम्मा		**१४७४५३५**

५५.	**राजश्व ढिला दाखिला** - भौ.नं.१० मिति २०७५।३।२५ बाट ढाडी पोखरीको आर्थिक वर्ष २०७३।७४ को दोस्रो किस्ता मिति २०७३।११।२३ मा प्राप्त भएको रकममध्ये रु.५,००,०००।- ख.राम नरेश पासवानको जिम्मामा रहेको र हाल मात्र बैकमा दाखिला गरेकोमा आर्थिक कार्यबिधि ऐन, २०५५ अनुसार २५ प्रतिशत जरिवाना रकम ढिला नगद दाखिला गरेको अवधि १६ महिनाको रु.१६६,६६६।६७ असुल गर्नुपर्ने रु. ----------	१६६६६६/६७
५६.	**गत विगतको उठन बाँकी राजश्व रकम** - कार्यालयवाट प्राप्त बिवरण अनुसार गत विगत वर्ष देखि ढाडी पोखरीको ठेक्का वापत उपेन्द्र सदासँग रु.७,३३,३३२।- राजश्व रकम उठ्न बाँकी रहेको तथा महोदरी पोखरीको ठेक्का वापत शिवशंकर सहनी सँग रकम उठ्न बाँकी रहेकोमा कार्यालयबाट विवरण उपलब्ध नभएकोले उठ्न बाँकी राजश्व रकम यकिन गरी	

	अविलम्ब बक्यौता राजश्व रकम असूली गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।	
५७.	**ढिला नगद दाखिला :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३ मा नगदी दाखिला तथा लेखा राख्ने व्यवस्था भएको छ । उक्त दफाको उपदफा ४ अनुसार कार्यालयमा प्राप्त नगदी रकम सोही दिन वा त्यसको भोली पल्ट यथास्थानमा दाखिला हुनुपर्नेमा सो अनुसार नभएमा तालुक कार्यालयले १० दिनसम्म ढिला गरेको भए १० प्रतिशत जरिवाना, १५ दिनसम्म ढिला दाखिला गरेको भए १५ प्रतिशत जरिवाना गरी दाखिला गर्न लगाउने र सोभन्दा बढी ढिला दाखिला गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानुन वमोजिम बिभागीय कारवाही समेत गराउन सक्ने व्यवस्था रहेको छ । कार्यालयले ऐनमा भएको व्यवस्था अनुसार राजश्व रकम तोकिएको समय भित्र बैंक दाखिला गर्ने गरेको छैन । कार्यालयले आर्जन गरेको राजस्व रकम मिति २०७५।४।९ देखि २०७५।८।२० मा मात्र दाखिला गरेको छ । कार्यालयमा प्राप्त रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्रै दाखिला गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ । यसरी निम्न अनुसार ढिला नगद बुझाएकोले ऐन नियम अनुसार जरिवाना रकम यकिन गरी असुल गर्नुपर्ने, रु. ----------	८९८१२/७६

वडा सचिवको नाम	नगद आम्दानी गरेको रकम	नगद दाखिला गरेको मिति
शम्भु यादव	२७२८७.२६	२०७५/३/२५
राम नरेश पासवान	८६८०.००	२०७५/३/२१
शम्भु मण्डल	३६२०५.००	२०७५/३/३१
राम सकल राय	१७६४०.५०	२०७५/४/१
जम्मा	**८९८१२.७६**	

	बहु क्षेत्रीय पोषण कार्यक्रम	
५८.	**पेश्की बाँकी** - पेश्की बाँकी रकम समयमै फछ्र्यौट गर्नुपर्दछ । कार्यालयले आर्थिक वर्षको अन्तसम्म फछ्र्यौट गाउँ बाँकी रहेको निम्न अनुसारको पेश्की रकम नियमानुसार फछ्र्यौट गर्नुपर्ने, रु.	७८३०००/-

मिति	नाम	पेश्की बाकी रकम
२०७५/३/२५	स्वा.सयोजक ईन्द्र प्र. यादव	२६७५००
२०७५/३/२५	स्वा.सयोजक ईन्द्र प्र. यादव	५१५५००
	जम्मा	**७८३०००**

	स्थानीय शासन तथा सामुदायिक बिकास	
५९.	**जिन्सी दाखिला** - आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्च गर्दा बिल भरपाई सहितको लेखा राख्नुपर्दछ । भौ.नं.१ मिति २०७४।११।२८ बाट कार्यालयले पशुपतिनाथ जेनरल अर्डर सप्लायर्सको बिल नं.३३ मिति २०७४।११।२३ को बिल अनुसार CCTV क्यामेराका सामान खरिद तथा जडान खर्च समेत कुल रु.३२३,७४५। खर्च लेखेकोमा सोको खरिद बिल मात्र संलग्न गरेको छ भने मालसामान खरिदको कोटेसन लागत अनुमान तथा जिन्सी दाखिला भएको प्रमाण समेत संलग्न गाउँ बिलको आधारमा खर्च लेखेको रु.- ----------	३२३७४५/-
६०.	**कर कट्टी नगरेको** - आयकर ऐन, २०५८ को दफा अनुसार आक्समिक लाभमा २५ प्रतिशत कर कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ३ स्वास्थ्य केन्द्रका उत्कृष्ट महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई पुरस्कार दिएको भनी प्रतिकेन्द्र रु.६०००।- का दरले रु.१८,०००।- पुरस्कार खर्च लेखेकोमा २५ प्रतिशत आक्समिक लाभकर रु.४,५००।- असिल गर्नुपर्ने रु. ----------	४५००/-
६१.	**कार्यक्रम पेश्की फछ्र्यौट** - स्वा.संयोजक ईन्द्र प्रसाद यादवको कार्यक्रम पेश्की रु.२,५०,५००।- फछ्र्यौट गरेकोमा निम्न व्यहोरा देखिएको :	
६१.१.	अर्ध वार्षिक समिक्षा गोष्ठीमा कर्मचारीलाई प्रशिक्षक भत्ता दिएको भनी ३ स्वास्थ्य केन्द्रको ४ जना कर्मचारीलाई प्रशिक्षक भत्ता वापत भुक्तानी दिएकोमा अर्थ मन्त्रालय कार्यसंचालन	

निर्देशिका अनुसार कार्यालयले संचालन गर्ने तालिममा सोही कार्यालयका कर्मचारी प्रशिक्षक भएमा प्रशिक्षक भत्ता दिन नमिल्ने व्यवस्था भएकोमा कार्यालयका कर्मचारीलाई प्रशिक्षक भत्ता भुक्तानी गरेको रकम असुल गर्नु पर्ने रु. ---------- — ७३९५/-

केन्दको नाम	कर्मचारी संख्या	भुक्तानी रकम कर कट्टा पछी
डामी मडै	४	२४६५.००
महोत्तरी	४	२४६५.००
गोनरपुर	४	२४६५.००
	जम्मा	७३९५.००

६२. **कर कट्टा नगरेको** - आयकर ऐन, २०५८ अनुसार पारीश्रमिक भुक्तानीमा कर कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले २७ महिला स्वयम सेविकाहरुलाई प्रोत्साहन पोशाक भत्ता भनी रु.७,५००।- का दरले रु.२,०२,५००।- खर्च लेखेकोमा १ प्रतिशत कर बापत रु.२,०२५।- कर असुल गर्नुपर्ने, रु. ..... — २०२५/-

६३. **पेश्की बाँकी:** आर्थीक कार्यविधि नियमावली, २०६४ को नियम ७४ मा पेश्की दिइएको रक म्याद भित्र फछर्यौट गर्नु गराउनु पेश्की लिन एवं दिने दुबैले कर्तव्य हुने कुरा उल्लेख छ । कार्यालयले यस वर्ष भुक्तानी दिएको निम्नानुसारको पेश्की रकम आर्थिक वर्षको अन्त्य सम्म बाँकि रहेकोले समयमा फछर्यौट गराउनु पर्ने देखिएको, रु..... — ३३९७५००/-

क्र.सं.	गो.भौ.नं./मिति	पेश्की लिनेको नाम	पेश्की रु.
वित्तीय समानिकरण अनुदान चालु			
१.	२०७४/०९/२४	क.अ. अरुण कुमार शाह	१००००००.००
२.	२०७४/११/०८	ना.सु. रञ्जित कुमार पाण्डेय	२००००००.००
३.	२०७४/११/१४	ना.सु. रञ्जित कुमार पाण्डेय	५००००.००
४.	२०७५/०२/०३	खरिदार रामसकल राय	८५०००.००
५.	२०७५/०२/०३	वडा अध्यक्ष रामस्नेही यादव	८५०००.००
६.	२०७५/०२/०३	खरिदार शम्भू यादव	८५०००.००
७.	२०७५/०२/१०	श्री राट्रिय प्रा.वि. सोनुखुरा	२००००००.००
८.	२०७५/०२/०३	खरिदार रामदिनेश भण्डारी	७५०००.००
९.	२०७५/०२/१४	गरिबी न्यूनिकरणको लागि स्वास्थ्य र शिक्षा नेपाल	५००००००.००
१०.	२०७५/०२/२८	श्री लक्ष्मी नारायण नि.मा.वि. रतवाडा-५	१९४०००.००
११.	२०७५/०२/३१	संस्था-चेतनारायण सुर्यनारायण	९७०००.००
१२.	२०७५/०२/३१	राम चरण मण्डल वडा नं.५	२४२५००.००
१३.	२०७५/०३/०५	ना.प्रा.स. रामश्रेष्ठ यादव	१९८०००.००
१४.	२०७५/०३/११	ना.प्रा.स. रामश्रेष्ठ यादव	१८५०००.००
१५.	२०७५/०३/१९	श्री राष्ट्रिय आधारभुत विद्यालय ०-८ हरिहरदुवा	२९१०००.००
१६.	२०७५/०३/२४	श्री राष्ट्रिय आधारभुत विद्यालय ०-८ हरिहरदुवा	९७०००.००
वित्तीय समानिकरण अनुदान पूँजीगत			०
१७.	२०७५/०२/२३	ना.सु. रञ्जित कुमार पाण्डेय	१२५०००.००
१८.	२०७५/०३/०१	शहिद स्मारक निर्माण उ.स.	२५८०००.००
१९.	२०७५/०३/०७	ट्रान्समरमर खरिद उ.स.	३३००००.००
		जम्मा	३३९७५००.००

६४. **वित्तीय जवाफदेहिता मूल्याङ्कन :** कार्यालयले विभिन्न ऐन, कानून एवं कार्यविधिमा भएको व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहिताको स्तर उच्च राख्नु पर्दछ । व्यवस्थापकीय, वित्तीय व्यवस्थापन, सेवा प्रवाहको अवस्था र खरिद व्यवस्थापन पक्षसँग सम्बन्धित विभिन्न २० सूचकको आधारमा यस कार्यालयको वित्तीय जवाफदेहिता मूल्याङ्कनबाट कार्यालयको वित्तीय जवाफदेहिताको सतरले "B" ग्रेडिङ्ग प्राप्त गरेको छ । वित्तीय जवाफदेहिताको स्तरमा सुधार ल्याउनु पर्दछ ।

६५. **बेरुजू :** पालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो बर्ष असूल गर्नुपर्ने बेरुजू रु. १३ लाख ८५ हजार, अनियमित बेरुजू रु. २२ लाख ३६ हजार, प्रमाण कागजात पेश नभएको बेरुजू रु. १ करोड ५३ लाख र पेश्की बाँकी देखिएको रु. २ करोड ७६ लाख ११ हजार समेत रु. ४ करोड ६५ लाख ३२ हजार बेरुजू कायम भएको छ । यस सम्बन्धमा कार्यालयबाट प्रतिकृया सहितको प्रमाण कागजात पेश हुन आएको छैन ।

६६. **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२)(घ) वमोजिम बेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयको गत वर्षको बेरुजू स्थिति निम्नानुसार देखिएको छ :

गत वर्षको वेरुजू रकम (रु) (A)	यो वर्ष फछ्र्यौट (B)	वाँकी (C=A-B)
वक्यौता रहेको	०.००	वक्यौता रहेको

६७. **अद्यावधिक वेरुजू स्थिति :** पालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न वाँकी वेरुजू स्थिति देहाय अनुसार रहेको छ :

गत वर्षसम्मको फछ्र्यौट गर्न वाँकी (रु) (C)	यो वर्षको सं.पं बाट कायम वेरुजू (रु) (D)	यो वर्षको कायम वेरुजू (रु) (E)	बाँकी (F=C+D+E)
ले.प. नगराएको-वक्यौता	०.००	४६५३२०९८/७२	४६५३२०९८/७२

उल्लेखित ऐन वमोजिम फछ्र्यौट गर्न वाँकी सम्पूर्ण वेरुजू असुल फछ्र्यौट गरिनुपर्दछ ।

अनुसूची– १

महोत्तरी गाउँपालिका
बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
२०७४।७५

(रु.हजारमा)

जिल्ला	स्थानीय तहको नाम	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजू			बाँकी बेरुजू								
		दफा संख्या			दफा संख्या			दफा संख्या				नियमित गर्नुपर्ने					पेश्की		
		सैदान्तिक	लगती	रकम	सैदान्तिक	लगती	रकम	सैदान्तिक	लगती	रकम	अशुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
महोत्तरी	महोत्तरी गाउँपालिका	४२	५७	४६५३२	०	०	०	४२	५७	**४६५३२**	१३८५	२२३६	१५३००	०	०	**१८९२१**	२१२८	२५४८३	**२७६११**

अनुसूची- २

स्थानीय तह सञ्चित कोष विवरण
२०७४।७५

(रु.हजारमा)

क्र. सं.	स्थानीय तह	जिल्ला	गत वर्षको जिम्मेवारी	आय				व्यय				मौज्दात
				समानीकरण अनुदान	सशर्त तथा अन्य बजेट अनुदान	अन्य आय	यस वर्षको जम्मा आय	चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	यस वर्षको जम्मा खर्च	
			१	२	३	४	५ (२+३+४)	६	७	८	९ (६+७+८)	१० (१+५-९)
१.	महोत्तरी गाउँपालिका	महोत्तरी	८०८१	१४८९४१	९०४४२	११४३७	**२५०८२०**	१०६५२२	४९५२३	८१०	**१५६८५५**	१०२०४६